# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, जेठ २७ गते, २०७५ साल (संख्या ९

## भाग ५

### नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूचना

नेपाल सरकारले कर्मचारी समायोजन ऐन, २०७४ को दफा १३ बमोजिम खण्ड ६७, सङ्ख्या ५० मिति २०७४।०९।२८ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचनाको आधारमा स्वेच्छिक अवकाशको लागि निवेदन दिएका कर्मचारीहरु मध्ये स्वेच्छिक अवकाश प्रक्रियाबाट फिर्ता हुन इच्छुक कर्मचारीले देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

अवकाश प्रक्रियाबाट फिर्ता हुन पाउने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

**(क) उमेर हदको कारण अनिवार्य अवकाश हुनेको हकमाः**

(१) सम्बन्धित कर्मचारी स्वेच्छिक अवकाशबाट फिर्ता भई अनिवार्य अवकाशको प्रक्रियामा जाने व्यहोरा खुलाई आफू निवृत्त भएको सम्बन्धित कार्यालयमा निवेदन दिने,

(२) सम्बन्धित कार्यालयले त्यस्तो निवेदन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वेच्छिक अवकाश इकाईमा पठाउने,

(३) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वेच्छिक अवकाश इकाईले स्वेच्छिक अवकाशको सूचीबाट निजको नाम हटाई सो को जानकारी सम्बन्धित कार्यालयलाई गराउने,

(४) सम्बन्धित कार्यालयले निजको उमेर हद बमोजिमको मितिबाट लागू हुने गरी निवृत्तभरणको प्रक्रिया अगाडि बढाउने ।

**(ख) स्वेच्छिक अवकाश प्रक्रियाबाट फिर्ता हुन चाहेका अन्य कर्मचारीको हकमाः**

(१) सम्बन्धित कर्मचारीले स्वेच्छिक अवकाशबाट फिर्ता हुने व्यहोरा खुलाई हाल कार्यरत कार्यालयमा निवेदन दिने,

(२) सम्बन्धित कार्यालयले त्यस्तो निवेदन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वेच्छिक अवकाश इकाईमा पठाउने,

(३) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वेच्छिक अवकाश इकाईले स्वेच्छिक अवकाशको सूचीबाट निजको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

नाम हटाई सोको जानकारी सम्बन्धित कार्यालयलाई गराउने र कार्यालयले सम्बन्धित कर्मचारीलाई जानकारी गराउने ।

खण्ड ६७, सङ्ख्या ५० मिति २०७४।०९।२८ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन सामान्य प्रशासन मन्त्रालयको सूचनाको बुँदा नं. ४.४ खारेज गरिएको छ ।

**आज्ञाले,**
**शंकर प्रसाद कोईराला**
**नेपाल सरकारको सचिव**

मुद्रण विभाग, सिंहदरबार,



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।–**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।